INNOVATIVE RESEARCH JOURNAL VOLUME: 3, ISSUE: 2, DECEMBER, 2024

**DOI: https://doi.org/10.3126/irj.v3i2.79544**

# शिक्षक निर्मित तथा स्तरीकृत परीक्षा : परिचय, विशेषता र चरण

**महेश प्रसाद भट्ट**

bhattmpb@gmail.com

**कृष्णप्रसाद पोखरेल**

pokhrelkp70@gmail.com

**लेखसार :** प्रस्तुत लेख भाषिक परीक्षणका प्रकारको परिचयात्मक सन्खर्भसँग सम्बन्धित छ । यस लेखमा भाषिक परीक्षणका साधन अन्तर्गत प्रचलनमा रहेका मूलतः दुई पद्धति शिक्षक निर्मित तथा स्तरीकृत परीक्षाको परिचय, विषेशता र चरणबारे विश्लेषणसमेत गरिएको छ । प्रस्तुत लेखको उद्देश्य शिक्षक निर्मित तथा स्तरीकृत परीक्षाको परिचय दिनु, विशेषता र चरणहरूबारे विश्लेषण गर्नु रहेको छ । यस लेखको तयारीका क्रममा गुणात्मक अनुसन्धानको प्रयोग गरिएको छ । पुस्तकालीय अध्ययन पद्धतिको प्रयोग गरी सामग्री सङ्कलन गरिएको छ । लेख तयारीका क्रममा प्राथमिक र द्वितीयक स्रोतबाट सामग्री सङ्कलन गरिएको छ । यसमा सम्बद्ध विषयको विश्लेषण गरी तथ्यहरू प्रस्तुत गरिएको छ । प्रस्तुत लेखले निर्दिष्ट विषय क्षेत्रमा अध्ययन, अनुसन्धान गर्न चाहने तथा यस विषयमा सरोकार राख्नेहरूलाई नीतिगत तथा प्रयोगात्मक तहमा सहयोग पुऱ्याउने विश्वास गरिएको छ ।

**मुख्य शब्दावली :** *शिक्षक निर्मित परीक्षा, स्तरीकृत परीक्षा, भाषिक परीक्षण, वैधता, विश्वसनीयता ।*

## अध्ययनको पृष्ठभूमि

शिक्षण सिकाइका सन्दर्भमा मूल्याङ्कन शिक्षणकै अभिन्न प्रक्रिया मानिन्छ । भाषापाठ्यक्रममका उद्देश्य पुरा भए नभएको निर्क्योल गर्ने तथा समग्र शिक्षण सिकाइ कार्यकलापको लेखाजोखा गर्ने सन्दर्भमा यसको अपरिहार्यता रहन्छ । शिक्षण सिकाइका क्रममा

यो निरन्तर चलिरहने प्रक्रिया हो । शैक्षणिक सन्दर्भमा मूल्याङ्कन यस्तो पक्ष हो जसको उपयोगिताविना भाषाशिक्षण आफैंमा लुलो र लङ्गडो बन्छ (अधिकारी, २०६९, पृ. २५२) । मूल्याङ्कन विश्वसनीय, व्यावहारिक र वैध हुनु पर्दछ (ढकाल र खतिवडा, २०६९, पृ. २९७) । शिक्षण सिकाइमा सुधारका निमित्त यसको निरन्तर आवश्यकता पर्दछ ।

मूल्याङकनका लागि विभिन्न माध्यमलाई उपयोगमा ल्याउन सकिन्छ । जसमध्ये परीक्षा मूल्याङ्कनको एउटा महÎ वपूर्ण र प्रचलित माध्यम बनेको देखिन्छ । नेपाली बृहत् शब्दकोश ( २०६९, पृ. ७४७) मा परीक्षालाई योग्यता, विशेषता, सामर्थ्य, गुण आदिको स्तर निर्धारण गर्नका निम्ति ठीकसँग पारख गर्ने काम, जाँच गर्ने काम भनी परिभाषित गरिएको छ । परीक्षा शैक्षिक उपलब्धि मापन गर्न प्रयोग गरिने प्रचतिल पद्धतिको रुपमा रहेको छ । जसले विद्यार्थीको ज्ञान, सीप, धारणा, बुद्धि, दक्षता, कौशलता जस्ता महÎ वपूर्ण गुणहरूको मापन गर्दछ (पौडेल, २०६५, पृ. ९७) । नेपालका सन्दर्भमा परीक्षा मौखिक, लिखित र प्रयोगात्मक गरी तीन प्रकृतिका परीक्षा प्रचलनमा छन् । यद्यपि भाषिक मूल्याङ्गन गर्दा मूलतः लिखित परीक्षामा केन्द्रित भएको पाइन्छ । लिखित परक्षिा निर्णयात्मक मूल्याङ्कनको प्रचलित साधन हो । भाषिक परीक्षणका क्रममा लिखित अभिव्यक्ति सीप र तत्सम्बन्धी पक्षहरूको परीक्षणका लागि लिखित परीक्षालाई अपरिहार्य साधनका रूपमा प्रयोग गर्ने गरिएको पाइन्छ (पौडेल, २०७०, पृ. ५४) । यसका लागि लिखित प्रश्नपत्रलाई नै प्रमुख साधन बनाई सिकाइ उपलब्धि लेखाजोखा गर्ने प्रचलन छ । यस सन्दर्भमा प्रश्नपत्र विषयगत र वस्तुगत दुवै बनाई प्रयोगमा ल्याएको पाइन्छ । नेपालका सन्दर्भमा भाषिक परीक्षणका गर्दा विभिन्न साधनलाई प्रयोगमा ल्याइएको भेटिन्छ । जसमा स्तरयुक्त र शिक्षक निर्मित परीक्षा मुख्य परीक्षाका साधन हुन् । प्रस्तुत लेखमा यी दुई साधनहरूको परिचय, विशेषता र चरणबारे विश्लेषण गरिएको छ ।

**अध्ययन विधि र प्रक्रिया**

प्रस्तुत लेखको उद्देश्य परीक्षणका प्ररुपहरुको विश्लेषण गर्नु रहेको छ । लेख तयारीका क्रममा गुणात्मक अनुसन्धान ढाँचाको प्रयोग गरिएको छ । यसमा पुस्तकालयीय अध्ययन पद्धतिको प्रयोग गरिएको छ । यस लेखमा परीक्षणसम्बन्धी आधिकारिक पुस्तकहरूलाई प्रयोग गरिएको छ । यस अध्ययनमा मूलतः द्वितीय स्रोतबाट सामग्री सङ्कलन गरिएको छ । यसमा परीक्षणसम्बन्धी आधिकारिक पुस्तकहरूलाई द्वितीयक सामग्रीका रूपमा लिइएको छ । निर्दिष्ट

विषय सम्बद्ध अनुसन्धानमूलक कार्यहरू, पत्रपत्रिकामा प्रकाशित लेख रचनालाई पनि उपयोग गरिएको छ ।

## परीक्षणको सैद्धान्तिक परिचय

भाषा शिक्षणपश्चात् विद्यार्थीहरूले प्राप्त गरेका ज्ञान, सीप, धारणा वा समग्र सिकाइ उपलब्धिको लेखाजोखा गर्ने कार्यलाई भाषिक मूल्याङ्कन भनिन्छ । यसलाई शिक्षण सिकाइको अभिन्न अङ्ग मानिन्छ । यस्तै सिकाइका सन्दर्भमा निरन्तर चलिरहने प्रक्रिया मानिन्छ । विद्यार्थीहरूको भाषा सिकाइ उपलब्धि परीक्षण गर्न निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कन पद्धति उपयोगमा रहेका छन् । यसक्रममा विद्यार्थीलाई कक्षोन्नति गर्ने वा नगर्ने निर्णय गर्नका लागि निर्णयात्मक मूल्याङ्कन गरिन्छ । त्यही निर्णयात्मक मूल्याङ्कन पद्धति अर्न्तगत परीक्षा एक प्रचलित माध्यम बनेको देखिन्छ ।

परीक्षाले सिकारुको ज्ञान, सिप, योग्यता, क्षमता  आदिको जाँच गर्ने काम गर्छ । परीक्षा मौखिक, लिखित र प्रयोगात्मक गरी तीन प्रकृतिका हुन्छन् जसमा लिखित परीक्षा निर्णयात्मक मूल्याङ्कनका लागि सर्वाधिक प्रचलित माध्यम हो । परीक्षा शैक्षिक उपलब्धि मापन गर्न प्रयोग गरिने प्रचतिल पद्धतिको रुपमा रहेको छ । जसले विद्यार्थीको ज्ञान, सीप, धारणा, बुद्धि, दक्षता, कौशलता जस्ता महा वपूर्ण गुणहरूको मापन गर्दछ (पौडेल, २०६५, पृ. ९७) । यसलाई कक्षोन्नतिको मुख्य आधार बनाइएको पाइन्छ । यसका लागि भाषिक प्रश्नपत्रलाई मुख्य साधनका रुपमा उपयोग गरिन्छ । पठनपनठनको सिलसिलामा शिक्षार्थीहरूका प्राप्ति अप्राप्तिको बेला बेलामा लेखाजोखा गर्नु पर्ने हुन्छ । त्यसका लागि प्रश्नहरू बनाइन्छन् (अधिकारी, २०६७ : २०१) । यस्तो परीक्षामा एकै पटमा धेरै सिकारुहरूलाई संलग्न गराउन सकिन्छ ।

भाषा शिक्षणका सन्दर्भमा उच्चारण, बोध, व्याकरण, शब्दभण्डार, मौखिक एवम् लिखित रचना कौशल जस्ता पक्षहरूको शिक्षण गरिन्छ । तसर्थ नेपाली भाषाको परीक्षण गर्दा पनि मुख्यत : व्याकरण, शब्दभण्डार, पठनबोध, लिखित रचना जस्ता पक्षहरूलाई समेट्ने गरी गर्नु पर्छ । यसक्रममा सम्बन्धित विषय शिक्षक वा विषय विज्ञहरूद्वारा निश्चित चरण र प्रक्रियाको अवलम्बन गरी प्रश्नपत्र तयार पारिन्छ । तयार पारिएका प्रश्नलाई वैध, विश्वसनीय, व्यावहारिक र मापनीय बनाउन पूर्व परीक्षण गरी तिनका गुण पहिल्याई आवश्यक संशोधन परिमार्जन गरी अन्तिम रुप दिनु पर्दछ (ढकाल र खतिवडा, २०६९, पृ. ३१८) । परीक्षाका लागि

विषयगत र वस्तुगत प्रकृतिका प्रश्न बनाउनु पर्दछ । वस्तुगत प्रश्नमा ठीक बेठीक छुट्याउने, खाली ठाउँ भर्ने, जोडा मिलाउने, बहुवैकल्पिक तथा क्लोज र सी किसिमका प्रश्नहरू पर्दछन् । विषयगत प्रश्नभित्र निबन्धात्मक र सङ्क्षिप्त उत्तरात्मक प्रश्नहरू पर्छन् (शर्मा र पौडेल, २०६७, पृ. ३३४) । वस्तुगत प्रश्न सुनाइ, बोलाइ र पढाइ सीप विकासमा तथा विषयगत प्रश्न मूलतः पढाइ र लेखाइ सीप विकासमा उपयोगी मानिन्छन् । भाषिक परीक्षणका सन्दर्भमा विभिन्न साधनलाई प्रयोगमा ल्याइएको भेटिन्छ । जसमा स्तरयुक्त र शिक्षक निर्मित परीक्षा मुख्य परीक्षाका साधन हुन् ।

## शिक्षक निर्मित परीक्षा

सिकारुका भाषिक उपलब्धिको परीक्षणका निमित्त शिक्षकद्वारा तयार पारिएको परीक्षालाई शिक्षक निर्मित परीक्षा भनिन्छ । यो स्तरयुक्त परीक्षाको ठिक विपरीत अवधारणा हो । शिक्षक निर्मित परीक्षालाई विद्यालयकेन्द्रित वा स्थानीय स्तरको परीक्षा पनि भनिन्छ । विद्यालयीय परीक्षणहरूमा शिक्षक निर्मित परीक्षाको सामान्य तरिका नै बढी मात्रामा प्रचलित रहेको पाइन्छ (शर्मा र पौडेल, २०६७, पृ. ३३२) । कतिपयले यसलाई अप्रामाणीकृत परीक्षासमेत भन्ने गरेका छन् । यस प्रकारको परीक्षामा उपलब्धिको सर्वमान्य स्तर सुनिश्चित गरिएको हुँदैन । शिक्षक निर्मित परीक्षामा परीक्षणका साधन, प्रक्रिया र अङ्कनको स्तरीयता (स्तरीकृत वा प्रामाणीकृत प्रक्रिया) अनिवार्य हुँदैन । यसमा स्तरीकृत परीक्षाको तुलनामा वैधताको गुण उच्च रहेको हुन्छ । तर विभेदकारिताको गुण सुनिश्चित गरिएको हुँदैन । साथै विश्वसनीयतासमेत कायम गरिएको हुँदैन । शिक्षक निर्मित परीक्षामा सिकारुका भाषिक व्यवहार परीक्षण गर्न भिन्न भिन्न समय र परिवेशमा भिन्नाभिन्नै साधन प्रयोगमा ल्याइन्छन् ।

शिक्षक निर्मित परीक्षामा स्तरीकरणका निर्दिष्ट मापदण्ड र प्रक्रियाको पालन गर्नु अनिवार्य मानिँदैन । यसका निमित्त विषय शिक्षकद्वारा परीक्षाका साधन तयार पारिन्छन् । यस्तो परीक्षामा परीक्षणीय योजना निर्माण, उद्देश्य निर्धारण, प्रश्न लेखन, प्रश्न संशोधन, मानकीकरण, परीक्षण प्रशासन र अङ्कन, नतिजाको विश्लेषण जस्ता प्रक्रियाहरू अवलम्बन गरिन्छन् । यस्तो परीक्षामा प्रश्न निर्माण, परीक्षा सञ्चालन, उत्तरपुस्तिका अङ्कन तथा नतिजा विश्लेषण जस्ता प्रक्रियाहरू शिक्षकद्वारा निर्धारित गरिएको हुन्छ । शिक्षक निर्मित परीक्षा सम्बन्धित विद्यालयमा सञ्चालन गरिन्छ । यसमा वस्तुगत र विषयगत साधन प्रयोगमा ल्याइन्छन् । वस्तुगत साधनको

प्रयोग सिकारुको भाषिक बोध, सूचनाको स्मरण तथा संश्लेषीकरण क्षमता परीक्षणका निम्ति र विषयगत साधनको प्रयोग विश्लेषण, मूल्याङ्कन जस्ता क्षमता परीक्षणका लागि गरिन्छ। यस्तो परीक्षाका निम्ति प्रयोगमा ल्याइएका साधनको अङ्कन सम्बन्धित शिक्षकले गर्ने हुन्छ।

**शिक्षक निर्मित परीक्षाका विशेषता**

***विषय शिक्षकको संलग्नता*** **:** शिक्षक निर्मित परीक्षाका साधनहरूको निर्माण र परीक्षा सञ्चालन सम्बन्धित विषय शिक्षकद्वारा गरिन्छ।

***उच्च वैधता*** **:** शिक्षक निर्मित परीक्षामा परीक्षणको प्रकृति अनुसार विषयगत वैधताको गुण उच्च हुन्छ।

***न्युन विश्वसनीयता*** **:** शिक्षक निर्मित परीक्षाको अङ्कनमा विश्वसनीयता कायम गरिएको हुँदैन। यसमा अङ्कनमा हुन सक्ने सम्भावित त्रुटिलाई पूर्वानुमान गर्न सकिँदैन।

***अनेकरूपता*** **:** शिक्षक निर्मित परीक्षाको सञ्चालन र अङ्कनमा अनेकरूपता हुन्छ। यसमा परीक्षा सञ्चालन र अङ्कनमा एकरूपता एवम् वस्तुनिष्ठता हुँदैन।

***पूर्वपरीक्षण नगरिने*** **:** निर्माण गरिएका साधनहरूमा हुन सक्ने सम्भावित त्रुटिलाई निराकरण गर्नका निमित्त शिक्षक निर्मित परीक्षाका साधनहरूको पूर्वपरीक्षण अनिवार्य हुँदैन।

***सामान्यीकरण नहुने*** **:** शिक्षक निर्मित परीक्षाले विश्वसनीय नतिजा दिन सक्दैन। त्यसैले यसबाट प्राप्त परिणाममा सामान्यीकरणको गुण रहँदैन।

***पुनः प्रयोग गर्न नमिल्ने*** **:** शिक्षक निर्मित परीक्षाका लागि तयार गरिएका साधनहरूलाई बारम्बार प्रयोगमा ल्याउन सकिँदैन।

**शिक्षक निर्मित परीक्षाका चरण**

***योजना निर्माण*** **:** योजना निर्माण शिक्षक निर्मित परीक्षाको पहिलो चरण हो। यसले शिक्षक निर्मित परीक्षाका निम्ति भविष्यमा आउन सक्ने सम्भावित कठिनाइहरूको निराकरण गर्ने ठानिन्छ। यसलाई परीक्षण कार्यक्रमको सुविचारित नियन्त्रणको उपायका रूपमा लिइन्छ। यस्तो योजनाले परीक्षणका उद्देश्यलाई समेटेको हुनु पर्दछ तथा भविष्यका सम्भावित कठिनाइहरू सामना गर्न सक्ने उपाय बताएको हुनु पर्दछ। शिक्षक निर्मित परीक्षाको योजनामा परीक्षण किन आवश्यक छ ? परीक्षण कहिले गर्ने हो ? परीक्षण के-का लागि गर्ने हो ? परीक्षण कसले गर्ने हो

? तथा परीक्षण कहाँ गर्ने हो ? भन्ने जस्ता प्रश्नको युक्तियुक्त एवम् व्यावहारिक समाधान दिएको हुनु पर्दछ ।

***उद्देश्य निर्धारण :*** यस चरणमा परीक्षाका निम्ति आवश्यक उद्देश्य निर्धारण गरिन्छ । निर्धारित उद्देश्यबाट नै शिक्षक निर्मित परीक्षाका पश्चवर्ती चरणगत प्रक्रिया अभिनिर्देशित हुने भएकाले उद्देश्य निर्धारकले सो पक्षमा ध्यान दिनु पर्दछ । उद्देश्य निर्धारण गर्दा मूलतः भाषापाठ्यक्रम निर्दिष्ट तहगत सक्षमता एवम् कक्षागत सिकाइ उपलब्धिलाई आधार मान्नु पर्दछ । यस क्रममा निर्धारण गरिने उद्देश्यहरू सिप समग्रतायुक्त, सन्तुलित एवम् सिकारुको संज्ञानात्मक, भावनात्मक एवम् मनोक्रियात्मक क्षेत्रसँग सम्बन्धित हुनु पर्दछ ।

***प्रश्न लेखन :*** प्रश्न लेखन शिक्षक निर्मित परीक्षाको अर्को महÎ वपूर्ण चरण हो । यस चरणमा निर्धारित गरिएका उद्देश्य अनुसार वस्तुगत र विषयगत प्रश्नहरू तयार गरिन्छ । प्रश्नपत्र लेख्दा मौखिक, लिखित वा प्रयोगात्मकमध्ये कुन प्रकृतिको परीक्षण गर्ने हो सो अनुसारका प्रश्न लेख्नु पर्दछ ।

***मानकीकरण :*** यो चरण प्रश्नपत्रको स्तरीकरणसँग सम्बन्धित रहेको छ । यसलाई प्रश्नलेखनपश्चात निर्मित साधनमा गरिने आवश्यक फेरबदल, थपघट, संशोधन, परिष्कार, परिमार्जन एवम् प्रतिस्थापनका रूपमा लिइन्छ । वस्तुतः शिक्षक निर्मित परीक्षाका निम्ति निर्माण गरिने प्रश्नपत्रको अन्तिम स्वरूपगत ढाँचाका निमित्त प्रश्नको अन्तिम रूप तयारी गर्ने प्रक्रिया नै मानकीकरण हो । यस चरणमा सामग्रीको परिष्कार अन्तर्गत प्रश्नपत्रलाई प्राविधिक र प्राज्ञिक गुणले युक्त बनाइन्छ ।

***परीक्षा सञ्चालन :*** यस चरणमा मानकीकृत प्रश्नपत्र प्रयोग गरी परीक्षा सञ्चालन गरिन्छ । यसका निम्ति परीक्षाको उपयुक्त वातावरण तयार पारिन्छ । परीक्षार्थीको बसाइँको व्यवस्थापन गरिन्छ । परिवेशलाई नियन्त्रणमा लिइन्छ । परीक्षार्थीलाई परीक्षाका नियम, परीक्षणका साधन, उत्तर दिने समयसीमा र तरिकाबारे जानकारी गराइन्छ । प्रस्तुत चरणमा सिकारुलाई मनोवैज्ञानिक दबाबको सिर्जना गर्नु हुँदैन । उनीहरूलाई आफूले जानेका कुरा स्वतन्त्रतापूर्वक लेख्ने वातावरण दिनु पर्दछ । प्रश्नमा अस्पष्टता महसुस गरेमा स्पष्ट पारिदिने व्यवस्था गर्नु पर्दछ । नक्कल गर्ने, चोर्ने, होहल्ला गर्ने, बाधा पुऱ्याउने कार्यबाट परीक्षार्थीलाई निरुत्साहित गर्नु पर्दछ ।

***उत्तरपुस्तिकाको परीक्षण :*** उत्तरपुस्तिकाको परीक्षणलाई उत्तरपुस्तिकाको अङ्कन पनि भनिन्छ। यस अन्तर्गत परीक्षा सञ्चालनबाट प्राप्त भएका उत्तरपुस्तिकालाई परीक्षण गरेर अङ्कन गर्ने प्रक्रिया अपनाइन्छ तर यस्तो कार्य गर्दा प्राप्त उत्तरपुस्तिकालाई सिधै परीक्षण नगरी उपयुक्त सङ्केतद्वारा सङ्केतीकरण गर्नु राम्रो मानिन्छ। यस्तो सङ्केतीकरणले परीक्षार्थीप्रतिको पूर्वाग्रहलाई न्यूनीकरण गर्ने ठानिन्छ। उत्तरपुस्तिका अङ्कनका लागि वस्तुगत र विषयगत दुबै उत्तरकुञ्जिका तयार पार्नु पर्दछ र सो अनुसार परीक्षण गर्नु पर्दछ।

***नतिजा प्रकाशन र व्याख्या :*** यो शिक्षक निर्मित परीक्षाको अन्तिम चरण हो। यस चरणमा उत्तरपुस्तिका परीक्षणबाट प्राप्त नतिजालाई प्रकाशन गरिन्छ। नतिजा प्रकाशन गर्दा सबैले बुझ्ने गरी सार्वजनिक गर्नु पर्दछ। नतिजालाई सार्वजनिक पाटी, विद्युतीय पाटी वा राष्ट्रिय स्तरका खबर पत्रिकाहरूमा प्रकाशित गर्नु पर्दछ। नतिजा प्रकाशन गर्दा सकेसम्म त्रुटि नहोस् भन्ने कुरामा सावधानी अपनाउनु पर्दछ। साथै प्राप्त नतिजाको व्याख्या गरिन्छ। यसका निम्ति मापदण्डमा आधारित पद्धतिलाई अवलम्बन गरिन्छ।

## स्तरीकृत परीक्षा

सिकारुका भाषिक उपलब्धिको परीक्षणका निमित्त प्रामाणिक प्रक्रिया अपनाएर तयार पारिएकोपरीक्षालाई स्तरयुक्त परीक्षा भनिन्छ। विभिन्न विषय विज्ञ, भााषाविज्ञ तथा शिक्षाविद्हरू मिलेर सचेततापूर्ण प्रयासबाट वैज्ञानिक प्रक्रिया अपनाई यस प्रकारको परीक्षा तयार गरिएको हुन्छ (शर्मा र पौडेल, २०६७, पृ. ३३२)। यस्तो परीक्षालाई स्तरीकृत उपलब्धि परीक्षा तथा प्रमाणीकृत परीक्षासमेत भनिन्छ। यस प्रकारको परीक्षण प्रक्रियामा सर्वमान्य स्तर सुनिश्चित गरिएको हुन्छ। यस्तो परीक्षाले परीक्षणका साधन, प्रक्रिया र अङ्कनमा स्तरीयताको अपेक्षा गरेको हुन्छ। स्तरयुक्त परीक्षणमा वैधता र विभेदकारिताको गुण सुनिश्चित गरिएको हुन्छ भने उच्च विश्वसनीयतासमेत कायम गरिएको हुन्छ। स्तरयुक्त परीक्षा शिक्षक निर्मित परीक्षाको ठिक विपरीत अवधारणा हो। शिक्षक निर्मित परीक्षामा सिकारुका भाषिक व्यवहार परीक्षण गर्न भिन्नभिन्न समय र परिवेशमा भिन्नाभिन्नै साधन प्रयोगमा ल्याइन्छन्। त्यस्तो परीक्षामा परीक्षण प्रशासन तथा अङ्कनमा समेत प्रामाणिक प्रक्रिया अपनाइँदैन। तर स्तरयुक्त परीक्षामा वृहत्तर परिवेशमा एउटै साधनलाई प्रयोगमा ल्याइन्छ। साथै यस्तो परीक्षामा परीक्षण प्रशासन तथा अङ्कनमा समेत प्रामाणिक प्रक्रिया अपनाइन्छ।

स्तरयुक्त परीक्षामा स्तरीकरणका निर्दिष्ट मापदण्ड र प्रक्रियाको पालना गरिएको हुन्छ । यसका निमित्त विषय विशेषज्ञ, पाठ्यक्रमविज्ञ, शिक्षाविद्, मनोविद्, भाषाविद तथा विषय शिक्षकको सामूहिक संलग्नता सुनिश्चित गरिन्छ । स्तरयुक्त परीक्षामा परीक्षण प्रक्रियालाई स्तरीकृत बनाउन, परीक्षणीय उद्देश्य निर्धारण, योजना निर्माण, जनसङ्ख्या पहिचान, नमुना छनोट, प्रश्नको ढाँचा तयारी, प्रश्नपत्र संशोधन, पूर्वपरीक्षण, प्रश्नहरूको मानकीकरण, अङ्कन प्रक्रिया निर्धारण, परीक्षण प्रशासन, अङ्कन, नतिजाको विश्लेषण जस्ता प्रक्रिया अवलम्बन गरिन्छन् । यस्तो परीक्षामा प्रश्न निर्माण, परीक्षा सञ्चालन, उत्तरपत्र अङ्कन तथा नतिजा विश्लेषण जस्ता प्रक्रियालाई स्तरीय, विशिष्ट एवम् एकरूपतापूर्ण हुने गरी ढाँचाबद्ध गरिएको हुन्छ । स्तरयुक्त परीक्षा बृहत्तर परिवेशमा सञ्चालन गरिन्छ । जसमा सबै परिवेशमा समान साधन प्रयोगमा ल्याइन्छ । यसमा परीक्षण प्रशासन गर्ने समयावधि समान हुन्छ । साथै परीक्षण परिवेश पनि सबैतिर समान हुन्छ । यस अलावा सबै विद्यार्थीलाई पूर्वनिर्धारित ढाँचामा स्तरीय उपलब्धि प्रदान गरिन्छ ।

बिसौं शताब्दीको मध्यसम्म स्तरयुक्त परीक्षालाई समान विषयक्षेत्रको समान अवस्थामा गरिने परीक्षाका रूपमा परिभाषित गरिन्थ्यो । साथै यसरी परीक्षण गर्नुको उद्देश्य सिकारुका क्षमता र सिपलाई विश्वसनीय तवरबाट जाँच्नु रहेको हुन्थ्यो । तर एक्काइसौं शताव्दीको सुरुवातसँगै यसको परिभाषामा व्यापकता आएको छ र हाल समतामूलक अवस्थामा स्तरीय एवम् प्रामाणिक तवरबाट सञ्चालित हुने खालको परीक्षणका रूपमा यसलाई लिन थालिएको छ । स्तरयुक्त परीक्षणमा बहुवैकल्पिक प्रश्न, ठिक बेठिक छुट्याउने प्रश्न, निबन्धात्मक प्रश्न जस्ता साधन प्रयोगमा ल्याइन्छन् । यस्ता साधनहरू सिकारुको सम्प्रेषणात्मक, प्रदर्शनात्मक, भूमिका निर्वाह, अनुकरणात्मक, रणनीतिक सामर्थ्य जस्ता भाषिक सिपलाई प्रतिनिधित्व गर्ने गरी तयार पारिएका हुन्छन् ।

स्तरयुक्त परीक्षामा वस्तुगत र विषयगत साधन प्रयोगमा ल्याइन्छन् । वस्तुगत साधनको प्रयोग सिकारुको भाषिक बोध, सूचनाको स्मरण तथा संश्लेषीकरण क्षमता परीक्षणका निम्ति एवम् विषयगत साधनको प्रयोग प्रयोग विश्लेषण, मूल्याङ्कन जस्ता क्षमता परीक्षणका लागि गरिन्छ । यस्तो परीक्षाका निम्ति प्रयोगमा ल्याइएका वस्तुगत साधनको अङ्कन कम्प्युटर

प्रविधिको प्रयोगद्वारा गरिन्छ भने विषयगत साधनको अङ्कन स्वतन्त्र रूपमा चयन गरिएका विज्ञहरूद्वारा तयार पारिएको मूल्याङ्कन निर्देशिकाको प्रयोग गरेर गरिन्छ ।

## स्तरयुक्त परीक्षाका विशेषता

***स्तरयुक्तता*** **:** स्तरयुक्त परीक्षामा उच्च स्तरीय प्राविधिक गुण कायम गरिएको हुन्छ । सिकारुको जुन पक्षको परीक्षण गर्नुपर्ने हो, त्यसलाई शुद्ध र स्तरीय तवरबाट गर्ने गरी यस्तो परीक्षणको निर्माण गरिएको हुन्छ । यसको प्रशासन र अङ्कन प्रक्रिया सबै परीक्षण सञ्चालकका निमित्त समान हुन्छ । यस्तो परीक्षणले सिकारुका सूक्ष्म भाषिक पक्षलाई सजिलै अङ्कमा व्यक्त गर्न सकिने आधार प्रदान गर्दछ ।

***विश्वसनीयता र वैधता :*** स्तरयुक्त परीक्षाको अङ्कनमा उच्च विश्वसनीयता कायम गरिएको हुन्छ । यसमा अङ्कनमा हुन सक्ने सम्भावित त्रुटिलाई समेत पूर्वानुमान गर्न सकिन्छ । यस्तो परीक्षामा विषयगत, अनुमानात्मक, मापदण्डमूलक वैधताको गुणसमेत सुनिश्चित गरिएको हुन्छ ।

***एकरूपता*** **:** स्तरयुक्त परीक्षाको सञ्चालन र अङ्कनमा एकरूपता कायम गरिएको हुन्छ । बृहत्तर क्षेत्रमा प्रशासन गरिए पनि अथवा जोसुकैले अङ्कन गरे पनि प्रशासनको परिवेश एवम् अङ्कनमा एकरूपता एवम् वस्तुनिष्ठतालाई सुनिश्चित गरिएको हुन्छ ।

***पूर्वपरीक्षण*** **:** निर्माण गरिएका साधनहरूमा हुन सक्ने सम्भावित त्रुटिलाई निराकरण गर्नका निमित्त स्तरयुक्त परीक्षाका साधनहरू पूर्व परीक्षण गरिन्छन् । प्रतिनिधिमूलक विद्यार्थीको समूहमा पूर्व परीक्षण गरी प्रश्नहरूको कठिनाइस्तर, विभेदीकरण क्षमता एवम् विकल्पहरूको विकर्षण शक्तिलाई मिहिन तवरबाट तथ्याङ्कशास्त्रीय विश्लेषण गरेर मात्रै प्रत्येक प्रश्नहरूलाई प्रश्नपत्रमा समाविष्ट गरिन्छ ।

***औसत स्तर*** **:** स्तरयुक्त परीक्षणमा समावेश गरिएका प्रत्येक प्रश्नहरू औसत स्तरका हुन्छन् । यस्तो परीक्षणमा अत्यन्त कठिन र अत्यन्त सरल दुबै प्रकृतिका प्रश्नहरूलाई वर्जित गरिन्छ । यस परीक्षणको अङ्कनको व्याख्या गर्दा समेत औसत अङ्कनका आधारमा गरिन्छ ।

***सामान्यीकरण*** **:** स्तरयुक्त परीक्षणले विश्वसनीय नतिजा दिन्छ । यस्तो नतिजाले जुन जनसङ्ख्याको समूहबाट प्राप्त भएको त्यो सबै जनसङ्ख्यालाई प्रतिनिधित्व गर्दछ । त्यसैले यसबाट प्राप्त परिणाममा सामान्यीकरणको गुणसमेत उच्च हुन्छ ।

***सामूहिक निर्मित :*** स्तरयुक्त परीक्षाका साधनहरू विषयविज्ञ, मनोविद्, शिक्षाविद्, पाठ्यक्रमविद्, विषयशिक्षक एवम् भाषाविज्ञको संलग्नतामा निर्माण गरिन्छन् । त्यसैले यसको निर्माण एकल प्रयासबाट नभई सामूहिक प्रयासबाट हुन्छ ।

***पुनः प्रयोग :*** स्तरयुक्त परीक्षणका लागि तयार गरिएका साधनहरूलाई बारम्बार प्रयोगमा ल्याउन सकिन्छ । परीक्षणबाट प्राप्त प्रतिक्रियाका आधारमा पटकपटक संशोधन र परिमार्जन गर्दै यस्ता साधनलाई पुनः पुनः प्रयोगमा ल्याउन सकिने गरी संरचित गरिएको हुन्छ ।

उसो त स्तरीकृत परीक्षण योजनाबद्ध परीक्षण हो यसमा निर्देशनहरूलाई स्पष्ट तवरबाट समावेश गरिएको हुन्छ । साथै परीक्षणबाट प्राप्त नतिजाको व्याख्याका आधारहरूसमेत निर्धारण गरिएको हुन्छ । यो परीक्षण तुलनात्मक रूपमा बढी मितव्ययीसमेत हुने ठानिन्छ ।

**स्तरयुक्त परीक्षाका चरण**

***योजना निर्माण :*** योजना निर्माण स्तरयुक्त परीक्षाको पहिलो चरण हो । यसले स्तरयुक्त परीक्षाका निम्ति भविष्यमा आउन सक्ने सम्भावित कठिनाइहरूको निराकरण गर्ने ठानिन्छ । यसलाई परीक्षण कार्यक्रमको सुविचारित नियन्त्रणको उपायका रूपमा लिइन्छ । यस्तो योजनाले परीक्षणका उद्देश्यलाई समेटेको हुनु पर्दछ तथा भविष्यका सम्भावित कठिनाइहरू सामना गर्ने सक्ने उपाय बताएको हुनु पर्दछ । स्तरयुक्त परीक्षाको योजनामा परीक्षण किन आवश्यक छ ? परीक्षण कहिले गर्ने हो ? परीक्षण के-का लागि गर्ने हो ? परीक्षण कसले गर्ने हो ? तथा परीक्षण कहाँ गर्ने हो ? जस्ता प्रश्नको युक्तियुक्त एवम् व्यावहारिक समाधान दिएको हुनु पर्दछ ।

***उद्देश्य निर्धारण :*** उद्देश्य निर्धारण स्तरयुक्त परीक्षाको दोस्रो चरण हो । यस चरणमा परीक्षाका निम्ति आवश्यक उद्देश्य निर्धारण गरिन्छ । निर्धारित उद्देश्यबाट नै स्तरयुक्त परीक्षाका पश्चवर्ती चरणगत प्रक्रिया अभिनिर्देशित हुने भएकाले उद्देश्य निर्धारकले सो पक्षमा ध्यान दिनु पर्दछ । उद्देश्य निर्धारण गर्दा मूलतः भाषापाठ्यक्रम निर्दिष्ट तहगत सक्षमता एवम् कक्षागत सिकाइ उपलब्धिलाई आधार मान्नु पर्दछ । यस क्रममा निर्धारण गरिने उद्देश्यहरू सिप समग्रतायुक्त, सन्तुलित एवम् सिकारुको संज्ञानात्मक, भावनात्मक एवम् मनोक्रियात्मक क्षेत्रसँग सम्बन्धित हुनु पर्दछ ।

***परीक्षणीय वस्तु, युक्ति साधन तथा प्रकृतिको निर्धारण :*** परीक्षणीय वस्तुले भाषिक परीक्षण सम्बन्धी विषयवस्तुलाई सङ्केत गर्दछ । यसलाई पाठविन्दु निर्धारणको चरण पनि भनिन्छ । यस्ता विषयवस्तुहरू श्रवण, वाचन, पठन र लेखनकलासँग सम्बन्धित हुन्छन् । त्यसैगरी परीक्षणीय युक्ति अन्तर्गत परीक्षणका तौरतरिका अथवा उपाय पर्दछन् । परीक्षणीय प्रकृतिले परीक्षाको प्रयोजनसम्बद्ध निर्माणात्मक, निर्णयात्मक, पहिचानात्मक एवम् उत्पादनात्मक पक्षलाई सङ्केत गर्दछ । त्यसो त परीक्षणका साधनले सिकारुका उपलब्धिमूलक दक्षतालाई यथार्थमूलक ढङ्गले मापन गर्ने लिखित, मौखिक र प्रयोगात्मक साधनलाई बुझाउँदछ । यस चरणमा विवेच्य चार वटै पक्षबारे युक्तियुक्त निर्णय लिनु पर्दछ ।

***मानव स्रोत साधनको छनोट*** : स्तरयुक्त परीक्षाको यस चरणमा परीक्षण प्रशासनका लागि अत्यावश्यक जनशक्तिबारे निर्णयमा पुग्नु पर्दछ । यसका लागि परीक्षाको सञ्चालन, प्रमाणीकरण, रेखदेख, अङ्कन उत्तरपुस्तिका परीक्षण, नतिजा प्रकाशन, नतिजा भण्डारण, नतिजाको सङ्केतीकरण, नतिजाको व्याख्या आदिका लागि जनशक्तिको व्यवस्थापनबारे आवश्यक निर्णय गर्नु पर्दछ ।

***परीक्षा सञ्चालन प्रक्रियाको निर्धारण :*** यस चरणमा निर्माण गरिएका साधनहरूद्वारा सिकाइ उपलब्धि परीक्षण गर्नका निम्ति परीक्षा सञ्चालनबारे आवश्यक योजना तयार गरिन्छ । यस चरणमा परीक्षणको समय तालिका निर्माण, सिकारुलाई परीक्षणका निम्ति तयारी, परीक्षणको आन्तरिक र बाह्य वातावरणको व्यवस्थापन जस्ता पक्षहरू समावेश गरी उपयुक्त रूपरेखा तयार पारिन्छ ।

***प्रश्न लेखन :*** प्रश्न लेखन स्तरयुक्त परीक्षाको अर्को महI वपूर्ण चरण हो । यस चरणमा निर्धारण गरिएका उद्देश्य अनुसार वस्तुगत र विषयगत प्रश्नहरू लेख्ने कार्य गरिन्छ । प्रश्नपत्र लेख्दा मौखिक, लिखित वा प्रयोगात्मकमध्ये कुन प्रकृतिको परीक्षण गर्ने हो सो अनुसारका प्रश्न लेख्नु पर्दछ ।

***पूर्वपरीक्षण :*** पूर्वपरीक्षणलाई पाइलट परीक्षण पनि भनिन्छ । यसलाई नमुना परीक्षणद्वारा पनि परिभाषित गरिएको पाइन्छ । पूर्वपरीक्षण वास्तविक परीक्षणभन्दा अगाडि सञ्चालन गरिन्छ । यस्तो परीक्षण प्रश्नपत्रलाई वैध, व्यावहारिक, मापदण्डमूलक, विभेदीकरणयुक्त बनाउनका लागि

सञ्चालन गरिन्छ । प्रश्नपत्रका सम्भावित त्रुटिहरूलाई न्यूनीकरण गर्नका लागि छोटो समयमा परीक्षण गरेर प्रश्न विश्लेषण गर्ने तरिकालाई पूर्वपरीक्षण भनिन्छ ।

***प्रश्न विश्लेषण*** **:** स्तरयुक्त परीक्षाका लागि निर्माण गरिएका प्रत्येक प्रश्नहरूको कठिनाइ स्तर, विभेदीकरण क्षमता र विकल्पहरूको शक्ति पहिचान गर्ने प्रक्रियालाई प्रश्न विश्लेषण भनिन्छ । प्रश्न विश्लेषण भाषिक प्रश्नहरूको उपयुक्तता, स्तरीयता, गुणात्मकता, प्रभावकारिता जस्ता पक्षको गुणस्तरीयता, पहिचान गर्ने प्रक्रिया हो । प्रश्न विश्लेषणबाट प्रश्नपत्रमा रहेका त्रुटिहरूलाई हटाउन र उपयुक्त प्रश्नहरू समावेश गर्न सहयोग मिल्छ, वास्तविक परीक्षाबाट आउन सक्ने सम्भावित उत्तरको अनुमान गर्न सहयोग मिल्दछ । साथै प्रश्न संशोधन गर्न, परिमार्जन गर्न, थप्न, हटाउन, प्रतिस्थापन गर्न पनि सहयोग मिल्दछ ।

***मानकीकरण*** **:** यो चरण प्रश्नपत्रको स्तरीकरणसँग सम्बन्धित रहेको छ । यसलाई प्रश्नको पूर्वपरीक्षण र विश्लेषणपश्चात निर्मित साधनमा गरिने आवश्यक फेरबदल, थपघट, संशोधन, परिष्कार, परिमार्जन एवम् प्रतिस्थापनका रूपमा लिइन्छ । वस्तुतः स्तरयुक्त परीक्षाका निम्ति निर्माण गरिने प्रश्नपत्रको अन्तिम स्वरूपगत ढाँचाका निमित्त प्रश्नको अन्तिम रूप तयारी गर्ने प्रक्रिया नै परीक्षणीय साधनको मानकीकरण हो । सामग्रीको परिष्कार अन्तर्गत प्रश्नपत्रलाई प्राविधिक र प्राज्ञिक गुणले युक्त बनाइन्छ ।

***परीक्षा सञ्चालन*** **:** प्रस्तुत चरण स्तरयुक्त परीक्षाको अर्को महÎ वपूर्ण चरण हो । यस चरणमा मानकीकृत प्रश्नपत्रलाई विद्यार्थीमाथि प्रशासन गरिन्छ । यसका निम्ति परीक्षाको उपयुक्त वातावरण तयार पारिन्छ । परीक्षार्थीको बसाइँको व्यवस्थापन गरिन्छ । परिवेशलाई नियन्त्रणमा लिइन्छ । परीक्षार्थीलाई परीक्षाका नियम, परीक्षणका साधन, उत्तर दिने समयसीमा र तरिकाबारे जानकारी गराइन्छ । प्रस्तुत चरणमा सिकारुलाई मनोवैज्ञानिक दबाबको सिर्जना गर्नु हुँदैन । उनीहरूलाई जानेका कुरा स्वतन्त्रतापूर्वक लेख्ने वातावरण दिनु पर्दछ । प्रश्नमा अस्पष्टता महसुस, गरेमा स्पष्ट पारिदिने व्यवस्था गर्नु पर्दछ । नक्कल गर्ने, चोर्ने, होहल्ला गर्ने, बाधा पुऱ्याउने कार्यबाट परीक्षार्थीलाई निरुत्साहित गर्नु पर्दछ र अन्त्यमा विद्यार्थीले उत्तर पुस्तिकामा भर्नुपर्ने सङ्केत, ठेगाना, परीक्षा केन्द्र, उत्तरको लिपि, रजिस्ट्रेसन नम्बर आदि आवश्यक पक्षहरूलाई चेक जाँच गरी उत्तरपुस्तिका सङ्कलन गर्नु पर्दछ ।

***उत्तरपुस्तिकाको परीक्षण*** **:** उत्तरपुस्तिकाको परीक्षणलाई उत्तरपुस्तिकाको अङ्कन पनि भनिन्छ। यस अन्तर्गत परीक्षा सञ्चालनबाट प्राप्त भएका उत्तरपुस्तिकालाई परीक्षण गरेर अङ्कन गर्ने प्रक्रिया अपनाइन्छ तर यस्तो कार्य गर्दा प्राप्त उत्तरपुस्तिकालाई सिंधै परीक्षण नगरी उपयुक्त सङ्केतद्वारा सङ्केतीकरण गरिन्छ। यस्तो सङ्केतीकरणले परीक्षार्थीप्रतिको पूर्वाग्रहलाई न्यूनीकरण गर्ने ठानिन्छ। उत्तरपुस्तिका अङ्कनका लागि वस्तुगत र विषयगत दुवैका उत्तरकुञ्जिका तयार पार्नु पर्दछ। सम्भव भएसम्म बुँदा अङ्कन विधि, प्रश्नगत अङ्कन विधि, समूह अङ्कन विधि र बहुपरीक्षण अङ्कन विधिमध्ये एक वा एकाधिक विधिहरूको प्रयोग गर्नु पर्दछ।

***नतिजा प्रकाशन*** **:** यो उत्तरपुस्तिका परीक्षणपश्चातको चरण हो। यस चरणमा उत्तरपुस्तिका परीक्षणबाट प्राप्त नतिजालाई प्रकाशन गरिन्छ। नतिजा प्रकाशन गर्दा सबैले बुझ्ने गरी सार्वजनिक गर्नु पर्दछ। नतिजालाई सार्वजनिक पाटी, विद्युतीय पाटी वा राष्ट्रिय स्तरका खबर पत्रिकाहरूमा प्रकाशित गर्नु पर्दछ। नतिजा प्रकाशन गर्दा सकेसम्म त्रुटि नहोस् भन्ने कुरामा सावधानी अपनाउनु पर्दछ।

***नतिजाको व्याख्या*** **:** यस चरणमा स्तरयुक्त परीक्षाका निम्ति पूर्वनिर्धारित मानाङ्कमा आधारित भई नतिजाको व्याख्या गरिन्छ। वस्तुतः नतिजाको व्याख्या गर्दा पूर्वपरीक्षणबाट प्राप्त उपलब्धिलाई आधार मानी सम्बन्धित तह र कक्षाको मानाङ्क तयार पारिएको हुन्छ। यसमा निर्दिष्ट मानाङ्कबाट विद्यार्थीहरू केकति निकट छन् भन्ने कुराको विश्लेषण गरिन्छ।

***प्रतिवेदन निर्माण*** **:** प्रतिवेदन निर्माण स्तरयुक्त परीक्षाको अन्तिम चरण हो। यस चरणमा योजना निर्माणदेखि नतिजाको व्याख्यासम्म सञ्चालन गरिएका समस्त कार्यक्रमहरूलाई समेटी प्रतिवेदन तयार पारिन्छ। यसमा परीक्षणका सकारात्मक पक्ष र कमजोरीहरूलाई उल्लेख गरी प्रतिवेदनलाई पूर्णता दिइन्छ। साथै आगामी दिनमा स्तरयुक्त परीक्षा सञ्चालन गर्दा अपनाउनुपर्ने सावधानीलाई सुझावका रूपमा निर्देश गरिन्छ।

## निष्कर्ष

परीक्षा मूल्याङ्कनको एउटा महl वपूर्ण र प्रचलित माध्यम हो। यसले विद्यार्थीको ज्ञान, सिप, धारणा, क्षमता जस्ता गुणहरूको मापन गर्दछ। मूलतः मौखिक, लिखित र प्रयोगात्मक गरी तीन प्रकृतिका परीक्षा प्रयोगमा रहेका छन्। नेपालका सन्दर्भमा भाषिक मूल्याङ्कनमा

लिखित परीक्षालाई मूल आधार बनाइएको पाइन्छ । भाषिक परीक्षणका सन्दर्भमा विभिन्न साधनलाई प्रयोगमा ल्याइएको भेटिन्छ । जसमा स्तरयुक्त र शिक्षक निर्मित परीक्षा मुख्य परीक्षाका साधन हुन् । सिकारुका भाषिक उपलब्धिको परीक्षणका निमित्त प्रामाणिक प्रक्रिया अपनाएर तयार पारिएको परीक्षालाई स्तरयुक्त परीक्षा भनिन्छ । सिकारुका भाषिक उपलब्धिको परीक्षणका निमित्त शिक्षकद्वारा तयार पारिएको परीक्षालाई शिक्षक निर्मित परीक्षा भनिन्छ । स्तरयुक्तता, विश्वसनीयता र वैधता, एकरूपता, पूर्व परीक्षण आदि स्तरयुक्त परीषका विशेषता हुनु भने उच्च वैधता, अनेकरूपता आदि शिक्षक निर्मित परीक्षाका विशेषता हुन् । यसक्रममा हाम्रा विद्यालयीय परीक्षण प्रणाली हेर्दा शिक्षक निर्मित परीक्षा नै बढी मात्रामा प्रचलित रहेको पाइन्छ ।

## सन्दर्भ सूची

अधिकारी, हेमाङ्गराज (२०६७), *भाषा शिक्षण : केही परिप्रेक्ष्य तथा पद्धति,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज (२०६९), *नेपालीभाषा शिक्षण,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

ढकाल, शान्तिप्रसाद र खतिवडा, तीर्थराज (२०६९), *नेपाली भाषा र साहित्य शिक्षण,* काठमाडौं : शुभकामना प्रकाशन प्रा.लि. ।

ढुङ्गेल, भोजराज र दाहाल, दुर्गाप्रसाद (२०७४), *नेपाली भाषा शिक्षण,* काठमाडौं : एम. के. पब्लिसर्स एण्ड डिष्ट्रिब्युटर्स ।

पोखरेल, बालकृष्ण, त्रिपाठी, वासुदेव, दाहाल, वल्लभमणि, पराजुली, कृष्णप्रसाद, शर्मा, गोपीकृष्ण र भट्टराई, हर्षनाथ (सम्पा.), (२०६९), *नेपाली बृहत् शब्दकोश* (आठौं सं.), काडमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान ।

पोखरेल, कृष्णप्रसाद (२०७८), कक्षा ८ को वार्षिक परीषामा उपयोग गरिएका प्रश्नहरूको विश्लेषण : *एजुकेशनल जर्नल,* (वर्ष-१, अङ्क-१), पृ.१२५-१३३ ।

पौडेल, माधवप्रसाद (२०६६), असल परीक्षाका गुण र भाषा परीक्षण*, सम्प्रे*षण,(वर्ष-६, अङ्क-६) पृ. १४२-१४६ ।

पौडेल, राजेन्द्रप्रसाद (२०६५), प्रश्नपत्र, परीक्षा, उत्तरपुस्तिका परीक्षण र सम्परीक्षण, *सम्प्रेषण,* ( वर्ष-५, अङ्क-५) पृ. ९६-१०० ।

पौडेल, माधवप्रसाद (२०७३), *भाषा पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षण पद्धति,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

भण्डारी, पारषमणि र पोखरेल, केशवराज(२०७५), *नेपाली शिक्षा पाठ्यक्रम दिग्दर्शन,* काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।

भुसाल, केशव र भट्ट महेश प्रसाद (२०७७), *माध्यमिक नेपाली शिक्षक मार्गदर्शिका,* काठमाडौं : सनलाइट पब्लिकेशन ।

शर्मा, केदारप्रसाद र पौडेल माधवप्रसाद (२०६७), *नेपाली भाषा र साहित्य शिक्षण* , काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।